**मल्लरानी गाउँपालिकाको मिति २०७९।०२।१६ गतेको पहिलो कार्यपालिका बैठकका निर्णयहरु :**

**१. यस मल्लरानी गाउँपालिकामा नवनिर्वाचित जनप्रतिनिधिहरुलाई गाउँपालिकाको तर्फबाट स्वागत तथा सफल कार्यकालको लागी शुभकामना व्यक्त गर्ने ।**

**२. मल्लरानी गाउँपालिका गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १७ बमोजिम यस मल्लरानी गाउँकार्यपालिकाको कार्य एवं निर्णयहरु सार्वजनिक जानकारीमा ल्याउन गाउँकार्यपालिका सदस्य श्री लेख बहादुर थापा लाई प्रवक्ता तोक्ने ।**

**३. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ र मल्लरानी गाउँपालिका गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १५ बमोजिम कार्यपालिका तथा गाउँसभामा आवश्यक सहयोगको लागी देहाय वमोजिमका विषयगत समितिहरु गठन गर्ने ।**

**देहायः**

- **आर्थिक विकास समिति**
  - श्री कुमार श्रेष्ठः संयोजक
  - श्री सुर्य बहादुर सार्कीः सदस्य
  - श्री सुमित्रा वि कः सदस्य
  - श्री पशु सेवा शाखा प्रमुखः सदस्य सचिव
- **सामाजिक विकास समिति**
  - श्री चिन्त बहादुर राहुः संयोजक
  - श्री तेजमान दमाईः सदस्य
  - श्री उजेली वि कः सदस्य
  - श्री स्वास्थ्य शाखा प्रमुखः सदस्य सचिव
- **पूर्वाधार विकास समिति**
  - श्री गोपाल बहादुर थापाः संयोजक
  - श्री सिता पुन: सदस्य
  - श्री हिमा बुढाथोकी: सदस्य
  - श्री प्राविधिक शाखा प्रमुख : सदस्य सचिव
- **बन वातावरण तथा विपद् व्यवस्थापन समिति**
  - श्री नोमराज पौडेल: संयोजक
  - श्री देवेन्द्रराज श्रेष्ठ: सदस्य
  - श्री विमला वि क : सदस्य
  - श्री प्रशासन शाखा प्रमुख: सदस्य सचिव
- **सुशासन तथा संस्थागत विकास समिति**
  - श्री लेख बहादुर थापा: संयोजक
  - श्री भरत पाण्डे: सदस्य
  - श्री रेशमि थापा मगर: सदस्य
  - श्री आर्थिक प्रशासन शाखा प्रमुख: सदस्य सचिव

**४. मल्लरानी गाउँ कार्यपालिकाको काम कारबाहीलाई सञ्चालन गर्न देहाय बमोजिमका समितिहरु गठन गर्ने ।**

क) राजश्व परामर्श समिति

नेपालको संविधान स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ बमोजिम मल्लरानी गाउँपालिकाको कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजश्वको स्रोत दायरा र दर समेतको विश्लेषण लगायतका कार्यका लागी देहाय वमोजिमको राजश्व परामर्श समिति गठन गर्ने ।

- श्री गाउँपालिका उपाध्यक्ष: संयोजक
- श्री प्रमुख प्रशासकीय अधिकृत: सदस्य
- श्री नोमराज पौडेल: सदस्य
- श्री सुमित्रा वि क: सदस्य
- उद्योग बाणिज्य संघमल्लरानी बजार ईलाकाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि : सदस्य
- मल्लरानी गाउँपालिकाको घरेलु तथा साना उद्योग समितिका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि: सदस्य
- राजश्व शाखा प्रमुख: सदस्य सचिव

राजश्व परामर्श समितिको काम कर्तव्य र अधिकार स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५(२) बमोजिम वमोजिम हुने ।

ख) स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ बमोजिम यस गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाडवाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण सो को सन्तुलित वितरणको खाका तथा बजेट सिमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन गर्ने ।

- श्री गाउँपालिका अध्यक्ष: संयोजक
- श्री गाउँपालिका उपाध्यक्ष: सदस्य
- श्री लेख बहादुर थापा: सदस्य
- श्री कुमार श्रेष्ठ: सदस्य
- श्री सिता पुन: सदस्य
- श्री सुमित्रा वि क: सदस्य
- श्री प्रमुख प्रशासकीय अधिकृत: सदस्य सचिव

स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको काम कर्तव्य र अधिकार स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६(२) बमोजिम हुने ।

ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७ बमोजिम यस गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने ।

- श्री गाउँपालिका उपाध्यक्ष: संयोजक
- श्री विषयगत समिति हेर्ने गाउँकार्यपालिका सदस्यहरु (५ वटा वडाका वडाध्यक्ष ): सदस्य
- श्री प्रमुख प्रशासकीय अधिकृत: सदस्य
- श्री योजना शाखा प्रमुख: सदस्य सचिव

बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम कर्तव्य र अधिकार स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७(२) बमोजिम हुने ।

(घ) मल्लरानी गाउँपालिकाको  विपद् व्यवस्थापन समिति :

गाउँपालिकाको विपद् सम्वन्धि कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न तपसिलको गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन गर्ने ।

- गाउँपालिका अध्यक्ष: संयोजक
- गाउँपालिका उपाध्यक्ष: सदस्य
- प्रमुख प्रशासकीय अधिकृत: सदस्य
- विषयगत समितिका संयोजक: सदस्य
- जिल्ला प्रशासन कार्यालय प्रतिनिधि : सदस्य
- सामाजिक विकास शाखा प्रमुख: सदस्य
- पूर्वाधार विकास शाखा प्रमुख: सदस्य
- ने रे सो स्थानीय प्रतिनिधि : सदस्य
- संघीय सूरक्षा निकाय प्रमुख वा प्रतिनिधी: सदस्य
- प्रहरी कार्यालय प्रमुख वा प्रतिनिधि: सदस्य
- राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिका प्रमुख वा प्रतिनिधि: सदस्य
- गै स स महासंघको स्थानीय प्रतिनिधि : सदस्य
- नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि: सदस्य
- विपद व्यवस्थापन शाखा प्रमुख: सदस्य सचिव

तपसिलको वडा स्तरिय विपद् व्यवस्थापन समिति गठन गर्ने

- वडा अध्यक्ष: संयोजक
- वडा सदस्यहरु: सदस्य
- वडा भित्रका विषयगत शाखा तथा ईकाई प्रमुख: सदस्य
- वडा भित्रका सुरक्षा निकाय प्रमुख वा प्रतिनिधि: सदस्य
- राष्ट्रिय मान्यता प्राप्त दलका वडा स्थित प्रमुख वा प्रतिनिधि: सदस्य
- स्थानीय रेडक्रस प्रमुख वा प्रतिनिधि: सदस्य
- वडा सचिव: सदस्य सचिव

(ङ) तपसिलको फरफारक तथा जाँचपास समिति गठन गर्ने  :

- गाउँपालिका अध्यक्ष अध्यक्ष
- गाउँपालिका उपाध्यक्ष सदस्य
- श्री लेख बहादुर थापा सदस्य
- श्री कुमार श्रेष्ठ सदस्य
- योजना शाखा प्रमुख सदस्य

(च) अनुगमन समिति :

मल्लरानी गाउँपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि २०७४ को दफा ३ बमोजिम गाउँपालिकामा संचालित योजना आयोजना तथा कार्यक्रमलाई नतिजामुखि बनाउन गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहायको गाउँपालिका स्तरिय अनुगमन समिति गठन गर्ने ।

- श्री गाउँपालिका उपाध्यक्ष: संयोजक
- श्री योजना/कार्यक्रम संग सम्वन्धित वडाको वडाध्यक्ष : सदस्य
- श्री सम्वन्धित वडाका कार्यपालिका सदस्य : सदस्य
- श्री प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको प्राविधिक वा निजले तोकेको योजना शाखाको कर्मचारी : सदस्य
- श्री प्राविधिक शाखा प्रमुख: सदस्य

देहायको वडा स्तरिय अनुगमन समिति गठन गर्ने

- श्री वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य: संयोजक
- श्री वडा समितिले मनोनयन गरेको एक जना वडा सदस्य: सदस्य
- श्री वडा सचिव: सदस्य
- श्री वडा प्राविधिक: सदस्य

अनुगमन तथा मुल्याङ्कन समितिको काम कर्तव्य र अधिकार मल्लरानी गाउँपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि २०७४ को दफा ४ बमोजिम हुने ।

**५. आ.व. २०७९।०८० को लागी सभामा पेश गर्ने नीति तथा कार्यक्रम तर्जुमाको लागी गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहाय वमोजिमको समिति गठन गर्ने ।**

- श्री गाउँपालिका उपाध्यक्ष: संयोजक
- श्री विषयगत शाखा प्रमुखहरु (सवै): सदस्य
- श्री वडा सचिवहरु(सवै): सदस्य

सबै विषयगत शाखाप्रमुख र सवै वडा सचिवहरुले गाउँपालिका अध्यक्ष र उपाध्यक्षको प्रत्यक्ष निगरानी र समन्वयमा सभामा पेश गर्ने नीति तथा कार्यक्रमहरु लिखित रुपमा तयार गरी मिति २०७९।०२।३१ गते भित्र उपाध्यक्ष समक्ष पेश गर्ने साथै उपाध्यक्षले प्राप्त नीति तथा कार्यक्रम एकीकृत गरी मिति २०७९।०३।०४ गते भित्र अध्यक्ष समक्ष पेश गर्ने व्यवस्था मिलाउने ।

६. मध्यकालिन खर्च संरचना तयारी सम्वन्धमा आर्थिक प्रशासन शाखा प्रमुख वाट आधारभूत विषयमा जानकारी प्राप्त भयो र सो सम्वन्धमा आवश्यक थप कार्य गर्न विषयगत शाखाहरुलाइ जिम्मा दिने ।

७. आ.व. २०७९।०८० को बजेट तयारी सम्वन्धमा पूर्व बजेट यस गाउँपालिका भित्रका गै.स.स, उपभोक्ता समिति, सहकारी संस्था, राजनैतिक दलहरु तथा अन्य सरोकारवालाहरु सँग मिति २०७९।०२।२२ गते दिनको १ बजे जिल्ला समन्वयको सभाहलमा पूर्व बजेट बारे छलफल गर्ने ।

८. आ.व. २०७८।०७९ मा संचालन भईरहेका २ लाख सम्मका योजनाहरु अनुगमनको जिम्मेवारी वडा स्तरीय अनुगमन समितिले अनुगमन गर्न तोक्ने । अनुगमनको सम्पूर्ण जिम्मा अनुगमन समितिको हुने सोही आधारमा गाउँपालिकाले अन्तिम भुक्तानी गर्ने र अनुगमन प्रतिवेदन र अनुगमन क्षेत्रको फोटा देखिने गरी भुक्तानीका लागी गाउँपालिकामा सिफारिस गर्ने ।

९. आ.व. २०७८।०७९ को सम्झौता भइ  समयावधि समाप्त भएका योजनाहरु अन्तिम भुक्तानी बाँकी भएका योजना लागी आजको मितिले ७ दिन भित्र वडा कार्यालय मार्फत गाउँपालिकामा पेश गर्न योजना शाखा र वडा कार्यालयले सम्वन्धित फर्म तथा उपभोक्ता समिति संग समन्वय गर्ने र सोही अनुसार कार्यालयले सूचना जारी गर्ने ।

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली नियमावली २०७७ को नियम ३० बमोजिम आर्थिक बर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ दिन अगाडी भुक्तानी दिई निकासा र खर्च अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था रहेकोले यस मल्लरानी गाउँपालिकाको आ व २०७८।०७९ मा सन्चालित योजना तथा कार्यक्रमहरुको अन्तिम किस्ता भुक्तानीको लागी सम्पूर्ण कागजात तयार गरी चालु कार्यक्रमहरुको हकमा २०७९ असार ५ गते र पूँजिगत खर्चको हकमा २०७९ असार १० गते भित्र कार्यालयमा पेश गर्न सूचना प्रकाशन गर्ने। योजनाको हकमा वडा कार्यालय र योजना शाखाले तोकीएको समयभित्र फाईल पेश गर्ने आवश्यक व्यवस्था मिलाउने साथै शाखाहरुले पनी सोही अनुसार गर्ने।

१०. विविध समसामयिक विषयमा छलफल तथा निर्णय गरियो।

**लेख बहादुर थापा**
**प्रवक्ता**